
# लेखापरीक्षण प्रतिवेदन

## गल्याङ नगरपालिका, स्यांजा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गल्याङ नगरपालिका, स्यांजा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/593

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुख ज्यू,
गल्याङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
स्याङ्जा।

कैफियत सहितको राय

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोष को वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं। हाम्रो रायमा, यस प्रतिवेदन को कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेकपेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

**१.** गल्याङ नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापनप्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. १६ करोड ०४ लाख ४९ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ६६ लाख ४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २० लाख ३५ हजार र गरीबसंग बिश्वेश्वर कार्यक्रमको रु. १० लाख ९५ हजार गरी कुल रु. १७ करोड १ लाख ८३ हजार समावेश गरेको छैन।


**२.** गल्याङ नगरपालिकाको रु. १ अर्ब ७९ करोड ५३ लाख ४४ हजारको लेखापरीक्षण गरिएकोमा रु. १ करोड १८ लाख ४५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. २४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु. १ करोड १८ लाख २१ हजार मध्ये असुल गर्नुपर्ने रू. १६ लाख ८६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८८ लाख ८३ हजार र नियमित गर्नुपर्ने रु. १२ लाख ५२ हजार रहेको छ। गत वर्षसम्म रु. १४ करोड ५५ लाख ७६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १५ करोड ६० लाख ४५ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको ब्यहोरा यसैसाथ संलग्न छ।

३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन
लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।

एकीकृत वित्तीय विवरण तयार गर्ने गल्यङ नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवाप्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५४ | १८१ | ११८४४५७२ | ० | १ | २३८८९ | ० | ५४ | १८० | ११८२०६८३ | १६८५६७१ | १२५२२८७ | ८८८२७२५ | ० | ० | १०१३५०१२ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| स्याङजा | १४५५७६००० | ० | १३५२०९९ | १४४२२३९०१ | ० | ११८२०६८३ | १५६०४४५८४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | २१ ३१ ३७ ३८ | वढि भुक्तानी | १३५२०९९.० |
| २ | २०८०/८१ | २.३ | वित्तीय विवरणः | २३८८९.० |

# (८०४४३४०१३०० - गल्याङ नगरपालिका, स्यांजा )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १२२.७१ वर्ग किलोमिटर तथा ३६९६७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।५ देखि २०८१। ६।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.९७,९१,६६,०२२।३० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** शिक्षाको तलब बढी निकासा वापतको रु.७७०४।- तथा सामाजिक सुरक्षा वापतको रकम रु.८००५६।- गरी जम्मा रु.८७,७६०।- लेखापरीक्षणको क्रममा असूली भएको छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणः**

२.१ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७० ) सम्बन्धमा निम्नअनुसार देखिएको छ:

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन | | | |
|---|---|---|---|
| | विवरण | यस आ व को कारोवार | गत आ व को कारोवार |
| क्रं स | राजस्व अनुदान र अन्य प्राप्ति | नगद जम्मा | नगद जम्मा |
| | कर | ११६५३८९४६।४४ | १०२२८१४०९।४५ |
| | अनुदान | ५१८७४७३०८।०० | ५८८७८६३९९।५१ |
| | अन्य राजस्व | ६३१०४८७३।८० | ५७७४६४३९।७५ |
| | विविध प्राप्ती | ३५६२५१।०० | ० |
| क | कूल जम्मा प्राप्ति | ६९८७४७३७९।२४ | ७४८८१४२४८।७१ |
| | चालु | ४७०३५८९५०।१९ | ४९६०८४१३९।०६ |
| | पारिश्रमिक ।सुविधा | २७१४३६१२८।०० | ३३९६६५६१५।५० |
| | मालसामान तथा सेवाको उपयोग | ८२००८१५३।१९ | ११२८०४९६०।५६ |
| | सहायता (subsidy) | १०६१८४१२७।०० | ४१९७३५८३।०० |
| | सामाजिक सुरक्षा | ९५३२५१२।०० | - |
| | अन्य खर्च | ११९८०३०।०० | १६३९९८०।०० |
| | पुँजीगत | २६६८७०१४८।४५ | २७६९५३४६६।८४ |
| | भवन तथा संरचना | ३६३९४१७४।६९ | ५१९७३२७०।०० |
| | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | १०४०७७३९।०० | ५७२७४४१।०० |
| | अन्य पुँजीगत खर्च | २०८१४४१८।०० | १६५८३८७१।३० |
| | सार्वजनिक निर्माण | १९१२७२९५१।७६ | १९८००४२४४।५४ |
| | निर्मित संरचनाको सुधार खर्च | १२६५०३।०० | ० |
| | पुँजीगत सुधार खर्च | ३८३२३४२।०० | ४६६४६४०।०० |
| | जग्गा प्राप्ति | ४०२२०२०।०० | ० |
| ख | कूल जम्मा भुक्तानी | ७३७२२९०९८।६४ | ७७३०३७६०५।९० |
| ग | वचत कमी (ग=क-ख) | (३८४८१७१९।४०) | (२४२२३३५७।१९) |
| घ | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप।घट(+/-) | ३५८०८७८।९८ | १२१६८९३८।०० |
| घ १ | कट्टी रकम भुक्तानी । दाखिला गर्न वांकी | ० | - |
| ङ | यस आ व को नगद तथा बैक मौज्दात (वचत।(कमी)) (ङ=ग+घ) | (३४९००८४०।४२) | (१२०५४४१९।१९) |
| च | गत आ व को नगद तथा बैक मौज्दात | ९८९६०२३१।०८ | १११०१४६५०।२७ |
| छ | विनिमय नाफा । घाटा तथा अन्य समायोजन | - | - |
| ज | आ व अन्तको बाँकी नगद तथा बैक मौज्दात (ज=ङ+च+छ) | ६४०५९३९०।६६ | ९८९६०२३१।०८ |

२.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६,०४,४८,७६८।- एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.६६,०४,०००।- , गरीवसँग विश्वेश्वर कार्यक्रममा रु.१०,९५,०००।- र, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु.२०,३५,०००।- समेत गरी रु १७,०१,८२,७६८।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रु **२३,८८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२.४ अन्तिम मौज्दातः पालिकाको यस वर्षको सुत्र अनुसारको अन्तिम मौज्दात रु ६४०५९३९०।६६ देखिएकोमा सम्पूर्ण कारोवार समेटी तयार गरेको एकिकृत वित्तिय विवरण अनुसार अन्तिम मौज्दात रु ६३६३०७६९।६६ कायम हुन आएकोले सुत्र र एकिकृत आर्थिक विवरण विच फरक देखिएको रु ४२८६२१। का सम्वन्धमा एकिन हुनु पर्दछ ।

३ **बजेट तथा कार्यक्रम तर्फ:**

३.१ **आवधिक योजना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३.२ **बजेट सिमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरीसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। ऐनमा व्यवस्था भए अनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.३ **आयोजना बैक :** राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको बजेट तर्जुमाका सम्वन्धमा स्थानीय तहले आयोजना बैक तयार गरी वार्षिक कार्यक्रमका माध्यमबाट कार्यान्वयन गर्नु पर्दछ भनी २०७८ सालमा दिग्दर्शन जारी गरेको छ । स्थानीय अर्थतन्त्रमा अधिकतम फाइदा पुर्‍याउने, सार्वजनिक सेवा प्रवाहमा गुणात्मक सुधार गर्ने र उत्थानशील पूर्वाधार विकास र संस्थागत क्षमता सुदृढीकरणमा स्थानीय स्रोतसाधनको प्रभावकारी परिचालन गर्ने रणनीतिक महत्वका आयोजनाको पहिचान, लेखाजोखा, छनौट र प्राथमिकीकरण सहितको विवरण तयार गर्नु आयोजना बैंङ्कको उद्देश्य हो।अतः स्थानीय तहले आयोजना बैक तयार गरी सोही वमोजिम कार्यक्रम संचालन गर्नु पर्दछ ।

३.४ **वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा :** राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन अनुसार नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल विषय, समय र प्रक्रिया, आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु, आयोजना पहिचान, सम्भाव्यता अध्ययन र प्राथमिकता निर्धारण भई आयोजना बैङ्कमा समावेश भएका आयोजनाहरु, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रत्यक्ष योगदान पुग्ने कार्यक्रम, सुशासन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, बालमैत्री स्थानीय शासन र लक्षित वर्गको सशक्तिकरण जस्ता अन्तर सम्बन्धित विषयहरु, समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु, अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु, विषयगत क्षेत्र र भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु र दिगो विकास लक्ष्यको स्थानीयकरण तथा लक्ष्य प्राप्तिका लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरु जस्ता विषय ध्यान दिनु पर्ने उल्लेख गरेको छ । पालिकाले संचालन गरेका कार्यक्रमको अवस्था हेर्दा टुक्रा टुक्रा पारेर साना तिना निर्माण र मर्मतका कामहरुमा केन्द्रित भएको देखिन्छ । तसर्थ योजना आयोगले दिग्दर्शन गरेका विषयमा केन्द्रित भएर वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने देखिन्छ ।

३.५ **बजेट पेश, पारित र अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु. ८७ करोड ९१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेको समयमा अख्तियारी प्रदान गर्दै आर्थिक वर्ष भित्र सम्पन्न गरीसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

३.६ वार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२६ करोड ६८ लाख ७० हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३.७ **क्षेत्रगत बजेट र खर्चको स्थिति :** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ :

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८२९८० | ५५५४१ | ८ |
| २ | पूर्वाधार विकास | २०९२४२ | १५८२६० | २१ |
| ३ | सामाजिक विकास | ४४१३७७ | ४०८०८७ | ५५ |
| ४ | सुशासन तथा अन्तरसम्बनधित क्षेत्र | २८७९५ | १७६३५ | २ |
| ५ | अन्य पालिका सञ्चालन तथा प्रशासनिक | ११७३७४ | ९७७०६ | १३ |
| **जम्मा** | | ८७९७६८ | ७३७२२९ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५ प्रतिशत सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २ प्रतिशत रहेको छ ।

३.८ **खर्च बिश्लेषण :** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१,४१,२४ हजार राजस्व बाँडफाँड रु.१६,००,५५ हजार र अनुदानबाट रु.५३,१२,२४ हजार समेत रु.७८,०७,१५ हजार आम्दानी भएकोमा चालु तर्फ रु.४७,०३,५८ हजार र पूँजिगत तर्फ रु.२६,६८,७० हजार समेत रु.७३,७२,२९ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.९२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु .१,४५,९१ खर्च भएको छ जुन आन्तरिक आयको १०३.३० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.०४ प्रतिशत चालु र ३८.६१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरीनुपर्दछ ।

## ४ त्रैमासिक पूँजीगत खर्च:

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने पालिकाले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ :

| बजेटउपशिर्षक | कुलखर्च | त्रैमासिकखर्च | | | | आषाढमहिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौंथो | |
| पुँजीगतखर्चतर्फ | २६,६८,७० | ३७७४ | ३५४३४ | ५३७९३ | १७३७६७ | १०५१५२ |
| प्रतिशत | ७३.९७ | १.०४ | ९.८२ | १४.९१ | ४८.१९ | २९.१४ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.२६ करोड ६८ लाख ७० हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.३७ करोड ७४ लाख (१.०४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३ करोड ५४ लाख ३४ हजार (९.८२ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.५ करोड ३७ लाख ९३ हजार (१४.९१ प्रतिशत), चौथो त्रैमासिकमा १७ करोड ३७ लाख ६७ हजार (४८.१९ प्रतिशत) खर्च गरेको देखिएको छ।यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड ५१ लाख ५२ हजार (२९.१४ प्रतिशत ) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरीनु पर्दछ।वर्षान्तमा हतारमा काम गराँउदा कामको गुण्स्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अषाढमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नु पर्दछ।

## ५ खरिद तथा ठेक्का अभिलेख तर्फ:

५.१

**ठेक्का अभिलेख :** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरीने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५.२ **ठेक्का व्यवस्था :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३०.७१ देखि ३२.९७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ :

| क्र.सं. | योजनाकोविवरण | ठेक्कानं. | बोलपत्रदाता | लागतअनुमान | सम्झौतारकम | घटीप्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | काम्लाङ फाँट सिचाई आयोजना | ९-२०८०/८१ | गेजा कालिका कन्स्ट्रक्सन | ७१,०९५३२.५२ | ४८,३४,५०९.२१ | ३२% |
| २. | मालुङ्गा कटुवा –बझादीगाँउ– कोट– जौवारी ठुलिवारी | ६-२०८०/८१ | सेभेन कन्स्ट्रक्सन, स्याङ्जा, वालिङ्ग | १३४९४०४६.८ | ९३४९६६५.५७ | ३०.७१% |
| ३. | छर्टी खोला सिम्ले वडा ०३ मा नाली तथा सडक संरक्षण निर्माण कार्य | ७-२०८०/८१ | गेझा कालिका कन्ट्रक्सन प्रा.ली., गल्याङ नगरपालिका ३, स्याङ्जा | २९७५३५६.४८ | १९९४३७३.२६ | ३२.९७% |
| ४. | गल्यान नगरपालिका सम्म पहुँच सडक निर्माण | १५-२०८०/८१ | ग्यान लक्ष्मी सप्लायर्स एण्ड विल्डर्स, गल्याङ ८, चिउरी | ४९४२९४०.३३ | ३४१२६५३.९९ | ३०.९६% |

## ६ आन्तरिक नियन्त्रण प्रणाली तर्फ :

६.१ **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको,

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

• वडा र पालिकामा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत पालिकाको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेको,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

६.२ **म.ले.प फारामहरुको प्रयोग :** तिनै तहका सरकारहरुमा मिति २०७६।४।१ देखि लागू हुने गरी महालेखा परीक्षकबाट मिति २०७६।२।१९ मा विभिन्न म ले प फाराहरु स्वीकृत गरीएका छन्। महालेखा नियन्त्रक पालिकाले उक्त कुरा मिति २०७६।४।१ को परिपत्रबाट सर्कुलर समेत गरीसकेको छ। यस पालिकाले स्वीकृत भएका म ले प फारामहरु मध्ये निर्माण कार्य संग सम्वन्धि ५०१ देखि ५१४ सम्म फारामरु मध्ये कतिपय फाराहरु जस्तै फाराम नं ५०२ परामर्श सेवाको लागत अनुमन, फाराम नं ५०५ आईटमवाईज कार्य अभिलेख खाता, फाराम नं ५०६ ठेक्कागत अभिलेख खाता, फाराम नं ५०७ ठेक्कागत अभिलेख खाता राख्ने गरेको पाईएन। साथै फाराम नं ५०३ नापी किताव, फाराम नं ५०४ ठेक्का सम्वन्धी बील, फाराम नं ५१० कार्यस्वीकार र कार्य सम्पन्न प्रतिवेदन तोकिएको ढांचामा राखेको पाईएन। अत पालिकाले तोकिएका फारामहरु प्रयोग गरी अभिलेख एवं प्रतिवेदन प्रणाली चुस्त दुरुस्त एवं पारदर्शी तवरले राख्नु पर्दछ।

६.३ **अभिलेख व्यवस्थापन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा निर्माण व्यवसायीले भुक्तानीका लागि पेश गर्ने रनिङ्ग बील वा अन्य कुनै बील बीजकमा कम्तीमा उल्लेख हुनु पर्ने कुराको व्यवस्था गरेको छ। पालिकामा निर्माण कार्यको भुक्तानीका लागि पेश हुने नापी किताव ठेक्का बील कार्यसम्पन्न लगायतका कागजातहरुमा सम्झौता मिति नापी लिएको मिति कार्य सम्पन्न हुनु पर्ने मिति कार्यसम्पन्न भएको मिति उल्लेख गर्ने गरेको पाईएन। जसवाट निर्माण व्यवसायी एवं उपभोक्ताबाट कार्यसम्पन्न भएको मिति एकिन गर्न नसकिएको कारण त्रुटि सच्याउने अवधि कार्यसम्पादन जमानत लिनु पर्ने अवधि एकिन गर्न सकिएन। यस्तो निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेता पनि पालिकाबाट समय भित्रै कार्यसम्पन्न भएको देखिने गरी अभिलेख तयार गरीदिने गरेको कारण निर्माण व्यवसायी जरिवानाबाट उन्मुक्ती पाउने अवस्था देखियो। यस तर्फ पालिकाले विशेष ध्यान दिदै आगामी दिनमा सुधार गरी काम गर्नु पर्दछ।

६.४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको

मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

७ **सेवा प्रवाह:**

स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ मा पालिका तथा वडा पालिकाको काम कर्तब्य र अधिकारको व्यबस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जम्मा जन्म दर्ता १००२, मृत्यू दर्ता ३०४ तथा विवाह दर्ता ४३५ वटा, सम्बन्ध विच्छेद ४१, बसाई सराईं दर्ता १८१, नाता प्रमाणित लगायतमा वटा सिफारिस गरी सेवा प्रवाह गरेको देखियो। पारिवारिक लगतको अभिलेख आदि तयार गरेको छैन। स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून तथा मापदण्ड समेत बनाएको छैन। ऐन बमोजिम कानून बनाई सोको अभिलेख ब्यवस्थित गर्नु पर्दछ।

८ **जिन्सी निरिक्षण:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

९ **कानून निर्माण एंव कार्यान्वयन तर्फ:**

९.१ **कानून र सञ्चालन स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ६० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ ऐन, ३४ कार्यविधि, १ आचारसंहिता ४ निर्देशिका ४ नियमावली, १ मापदण्ड लगायत ६० वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ६० वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि ४१ वटा उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

९.२ **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको ४० गरी कुल ४३ विवाद दर्ता भएकोमा ३५ वटा मात्र फर्स्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१० **सहकारी नियमन:**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १०६ वटा सहकारी संस्था रहेका छन् । उक्त सहकारीहरुको पालिकाबाट अनुगमन निरीक्षण गरेको पाईएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे जानकारी हुन सकेन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

११ **धरौटी फिर्ता :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) मा सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व पालिकामा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि रिटेन्सन मनि वापतको धरौटी रकम फिर्ता गर्न सकिने व्यवस्था छ। अर्थ मन्त्रालयको मिति २०६९/६/१७ को परिपत्र अनुसार सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व पालिकामा धरौटी फिर्ताको प्रयोजनार्थ मूल्य अभिवृद्धी कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्न मिति र भौचरमा निम्नानुसार आपुर्तिकर्ता, निर्माण व्यवसायी एवं सेवा प्रदायकलाई धरौटी वापतको रकम फिर्ता गर्दा प्राविधिकको सिफारिस, कर चुक्ता प्रमाण पत्र तथा मुल्य अभिवृद्धी कर समायोजन पत्र पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| **गो.भौ.नं./मिति** | **फिर्ता पाउने** | **फिर्ता रकम** |
|---|---|---|
| १०/२०८०।०७।०३ | गजिन्द्र निर्माण सेवा प्रा.लि. | १७४०३४ |
| १२/२०८०।०९।२३ | अटोवेज प्रा.लि | ६३९०७१ |
| १३/२०८०।१०।२४ | त्रिपुत्रसामा इन्टरनेशनल प्रा.लि | २३७९७ |
| १५/२०८०।११।१३ | साकुरा पाइप उद्योग प्रा.लि | ३२००० |
| १६/२०८०।११।१७ | ग्रेडिएन्ट इन्जिनियरिङ्ग | ७९३८२ |
| **जम्मा** | | **९,४८,२८४।-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,४८,२८४ |

१२ **सामाजिक सुरक्षा :**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले ७ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। यस आर्थिक वर्षमा पालिकाले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ११ वटा वडाका ५०१४ लाभग्राहीलाई प्रथम त्रैमासिकमारु.४,८८,५१,०१३।- दोश्रो त्रैमासिकमा रु.४,९०,४३,६८५।- तेश्रो त्रैमासिकमा रु.४,९२,४१,६६७।- समेत जम्मा रु.१४,७१,३६,३६५।- भत्ता बितरण भएको देखिन्छ। तर अन्तिम त्रैमासिक मा भत्ता वितरण गर्नका लागि रकम अपुग भएकोले सो किस्ताको रकम सोही आर्थिक वर्षमा वितरण गरेको पाईएन। लाभग्राही सङ्ख्याको आधारमा आवश्यक रकम समयमै माग गर्ने तथा निकाशा गर्नेतर्फ सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ।

१३ **बाख्रा अनुदान :**

नगरस्तरीय बाख्रापालन व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत बोका तथा बाख्रा वितरण एवं बाख्राको खोर निर्माण तथा कम्पाउण्ड वाल निर्माण कार्यक्रम अन्तरगत यस वर्ष गरीएको खर्चको विवरण देहायवमोजिम छः

| भौ नं र मिति | रकम रु | विवरण |
|---|---|---|
| ७४।२०८१।३।२४ | ११६३३५०। | मिलनसार सामाजिक उधमी महिला सहकारी संस्था लि बाट १०६ बिउ माउ बाख्रा र २३ बिउ बोका खरिद रु १५४९५००। खरिद गरीएको । सो मध्ये लागत सहभागिता रु ३५६१५०। |
| ५५।२०८१।३।११ | ८८१२३४। | ५० प्रतिशत लागत साझेदारीमा फर्महरुको बाख्रा खोर निर्माण |
| ४८।२०८१।३।१७ | ७७३२१५। | ५० प्रतिशत अनुदान साझेदारीमा विभिन्न १७ वटा फर्महरुलाई स्टोर घांस विस्तार कार्यक्रमको भुक्तानी दिएको |
| ४१।२०८०।३।१६ | २९२३०१। | बाख्राको खोर निर्माणमा २० प्रतिशत लागत सहभागितामा ४७ विपन्न महिलाको खोर निर्माण अनुदान भुक्तानी |
| ४७।२०८१।३।१७ | २७६५७१। | ५० प्रतिशत अनुदान साझेदारीमा<br>सफल कृषि तथा पशुपालन समूहलाई खोर निर्माणको अनुदान भुक्तानी दिएको |
| ५८।२०८१।३।१९ | ५९३५८। | २० प्रतिशत अनुदान साझेदारीमा<br>३ विपन्न महिलालाई खोर निर्माणको अनुदान भुक्तानी |
| ६१।२०८१।३।२१ | ६८५९१। | ५० प्रतिशत अनुदान साझेदारीमा डाले भूईघांस नर्सरी स्थापना सहयोग कार्यक्रम अन्तर्गत<br>नर्सरी निर्माण अनुदान भुक्तानी |
| **जम्मा** | **५१४६२०।** | |

पालिकाले उपर्युक्त कार्यक्रम अन्तर्गत अनुदान पाउने लाभग्राहीको व्यवस्थित अभिलेख राखेको पाईएन। अनुदान वितरण पश्चात पालिकाबाट निरन्तर अनुगमन भएको समेत पाईएन। जस्ले गर्दा भविष्यमा अनुदानको दोहोरोपना हुन नसक्ने र अनुदानको निरन्तरता र दिगोपना बारे सुनिश्चित हुन सकिएन । अत पालिकाले अनुदान प्राप्त गर्ने लाभग्राहीको व्यवस्थित अभिलेख राख्दै उत्पादनमा बृद्धि हुने, रोजगारी तथा स्वरोजगारीमा बृद्धि हुने एवम अन्य व्यक्ति वा संस्थाले समेत सो कार्यक्रमको अनुसरण गर्ने गरी कार्यक्रम संचालन गर्नु पर्दछ।

१४ **बाख्रा वितरणको बिल :** (४०७-२०८१-३-१७):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। अपाङ्गता भएका ब्यक्तिहरुको लागि बाख्रा वितरण (बीउ पाठी) कार्यक्रम वडा नं.४ मा संचालन गरेकोमा रु.३६,२००।- को बाख्रा खरिद गरेको बिल पेश भएकोमा सो बिलमा बाख्रा खरिदको दर तथा बाख्राको परिमाण खुलाएको छैन। साथै दिप कृषि तथा पशुपंक्षी फर्मको बाख्रा खरिदको बिल रु.३६,२,००।-, खाजा तथा अन्य बिल रु.७,९५०।– गरी जम्मा रु.४४,१५०।– को बिलमा मिति, खरिदकर्ताको नाम समेत खुलेको छैन। यसरी रित पूर्वकको बिल पेश नगरी भुक्तानी दिएको अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४४,१५० |

१५ **अनुदान :**

हाम्रो कृषक हाम्रो सान दुधमा अनुदान कृषक सम्मान कार्यक्रम अन्तर्गत दुधमा अनुदान कार्यक्रम र नगर स्तरीय बाख्रा व्यवसाय प्रवर्धन कार्यक्रम अनुदान संग सम्वन्धित श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा देहाय वमोजिम छन्

**दुध उत्पादनमा अनुदान :** उक्त कार्यक्रम दुध उत्पादनमा अनुदान कार्यक्रम कार्यविधि २०७६ वमोजिम कार्यान्वियन हुदै आएको छ । २०७६ मंसिरमा पारित कार्यविधिको बुंदा नं ४ मा हाललाई यस कार्यक्रमको अवधि एक वर्षको हुनेछ, आगामी वर्षहरुमा आवश्यकता अनुसार अवधि विस्तार गरीनेछ भन्ने व्यवस्था रहेको लागि तर्जुमा गरी हाम्रो कृषक हाम्रो सान दुधमा अनुदान कृषक सम्मान कार्यक्रम

संचालनमा ल्याएको छ । उक्त कार्यविधि २०७६ मंसिरमा स्वीकृत भएको र सोही कार्यविधि अनुसार यस वर्ष देहाय वमोजिम दुध उत्पादन कृषकहरुलाई प्रति लिटर रु १५ का दरले अनुदान वितरण गरेको पाईयो । यस वर्ष वितरण भएको दुध अनुदान यस प्रकार छः

| **भौ नं र मिति** | **रकम रु** | **विवरण** |
|---|---|---|
| २।२०८०।९।१९ | १७५११९२६। | १७ वटा फर्म तथा सहकारी समूह मार्फत संकलन भएको दुधको श्रावण, भाद्र र आश्विन महिनाको अनुदान वितरण |
| ४।२०८०।११।४ | २०७७९६३। ५० | २० वटा फर्म तथा सहकारी समूह मार्फत संकलन भएको दुधको कार्तिकमं, शिर र पुष महिनाको अनुदान वितरण |
| ६।२०८१।२।२३ | १७०२०१२। ५० | २१ वटा फर्म तथा सहकारी समूह मार्फत संकलन भएको दुधमा माघ, फाल्गुण र चैत्र महिनाको अनुदान वितरण |
| ९।२०८१।३।२१ | ४६६३०७।५० | ६ वटा फर्म तथा सहकारी समूह मार्फत संकलन भएको वैशाख, जेष्ठ र आषाढ महिनाको अनुदान वितरण |
| ४६४।२०८१।३। २१ | ४९९४९०। | ११ वटा फर्म तथा सहकारी समूह मार्फत संकलन भएको वैशाख, जेष्ठ र आषाढ महिनाको अनुदान वितरण |
| **जम्मा** | **६४९७६९९। ५०** | |

दुध संकलक फर्म तथा सहकारी समूहहरु संग दुध कृषकहरुको सुचना राख्ने व्यवस्थित अभिलेख प्रणाली भएको पाईएन । जसले गर्दा अनुदान सहि तरिकाले वितरण भए नभएकोमा विश्वस्त हुन सकिएन । पालिकाले अनुगमन प्रणालीको संयन्त्रको प्रणाली विकास गरी दुधमा अनुदानको कार्यक्रम पश्चात दुध उत्पादन परिमाणमा वढोत्तरी भएको सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाईएन । अतः पालिकाले अनुदान कार्यक्रम लक्षित वर्गमा नै पुगेको सुनिश्चत गर्दै उत्पादनमा बृद्धि हुने, रोजगारी तथा स्वरोजगारीमा बृद्धि हुने एवम अन्य व्यक्ति वा संस्थाले समेत सो कार्यक्रमको अनुसरण गर्ने गरी कार्यक्रम संचालन गर्नुपर्ने साथै यस्ता अनुदान कार्यक्रम सम्वन्धमा पालिकाले निर्णय गर्दा संघीय अनुदान नीतिसँग सामन्जस्यता कायम गरेर मात्र कार्यान्वयन गर्नुपर्दछ ।

१६ **अनुगमन भत्ताः** (५४४-२०८१-३-२४):

योजना अनुगमन मुल्याङ्कन खर्च (भौ.नं./मिति - ५४४/२०८१।०३।२४) वित्तीय अनुशासन कायम गर्ने सम्बन्धमा संघीय कानून अनुसार हुने उल्लेख गरेको छ भने कर्मचारीलाई योजनाको अनुगमन गरी भत्ता दिने कानुनी व्यबस्था देखिंदैन। पालिकाले यस वर्ष विभिन्न योजना अनुगमन तथा मुल्याङ्कन गरेको भनी दैनिक भ्रमण भत्ताको २५ प्रतिशतका दरले निम्नानुसार कर्मचारीलाई भत्ता वितरण गरी रु.६,११०००।- खर्च लेखेको छ। कानुनी व्यबस्था वेगर खर्च लेखेको अनुगमन भत्ता अनियमित भएको रु.

**(विस्तृत विवरण बेरूजु दफा १६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ६,११,००० |

१७ **अनुगमन तथा भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली,२०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारि वा कर्मचारीले भ्रमण गरी सकेपछी सोको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नु पर्ने तथा भ्रमणलाई विश्वसनीय बनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यबस्था गर्नु पर्ने उल्लेख छ। नियम १९ मा जिल्ला भित्रको ठाँउको दुरीको विवरण राख्नु पर्ने उल्लेख छ। पालिकाले यस वर्ष विषयगत शिर्षक, कन्टिन्जेन्सी तथा चालु खर्च शिर्षकबाट भ्रमण खर्च वापत रु. ११,७९,३५५।- खर्च लेखेको छ तर भ्रमणको उद्देश्य तथा अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सही सदुपयोग भए भएको सम्बन्धमा आश्वस्त हुने आधार देखिँदैन । नियम बमोजिम प्रकृया अवलम्बन गरी आवश्यकता अनुरुप मितव्ययी ढंगले खर्च गर्नुपर्दछ।

१८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :**

प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

१९ **योजना अनुगमन मुल्याङ्कन खर्चः** (५४४-२०८१-३-२४):

गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी बनेको ऐन, २०७६ को अनुसुचिमा पदाधिकारीलाई मासिक रुपमा अनुगमन भत्ता दिने व्यवस्था छ।सोही ऐनको दफा १६ मा सो अनुसुचिमा तोकेको बाहेक अन्य थप सुविधा नपाउने उल्लेख छ। पालिकाले यस वर्ष विभिन्न योजना अनुगमन तथा मुल्याङ्कन गरेको भनी दैनिक भ्रमण भत्ताको २५ प्रतिशतका दरले पालिकाको उपप्रमुख हेमा न्यौपानेलाई रु.८००००।- अनुगमन भत्ता भुक्तानी दिएको पाईयो। यसरी कानुनमा व्यबस्था भएको भन्दा थप सुविधा भुक्तानी दिएको रु.८०,०००।- असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,००० |

२० **बिल भर्पाई वेगरको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को दफा ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। भौ.नं./मिति ५६०/२०८१।०३।२४ बाट पोषण कार्यक्रम अन्तर्गत अण्डा वितरण गरेकोमा रु.१२००० साधना न्यौपानेलाई भुक्तानी भएको छ। तर सो खर्च संग सम्बन्धित बील तथा भरपाई भौचर साथ संलग्न नभएकोले बील तथा वितरणको भरपाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,००० |

२१ **झोला वितरणः** (४८१-२०८१-३-२२):

गण्डकी प्रदेशको प्रदेश खर्च मापदण्ड, २०७९ को अनुसूची-१ मा तालिम सञ्चालन सम्बन्धी खर्चको मापदण्ड अनुसार १ महिना वा सो भन्दा वढीको तालिममा मात्र स्टेशनरी बाहेक तालिम सम्बन्धि अन्य सामाग्री उपलब्ध गराउन सकिने व्यवस्था छ। यस पालिकाको वडा नं. ७ मा २०८१/३/१४ गते कर्मचारी, जनप्रतिनिधि र टोल विकास समितिका अध्यक्षको क्षमता विकास सम्बन्धि १ दिने तालिम सञ्चालन भएकोमा सहभागी ३० जनालाई रु. १८०० का दरले ब्याग खरिद गरी वितरण गरेको छ। यसरी तालिम सञ्चालन सम्बन्धि मापदण्डमा भएको व्यवस्था विपरित खर्च गरेको रकम अनियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ५४,००० |

२२ **प्रशिक्षण शुल्कः** (३४४-२०८१-२-२९):

गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ मा स्थानीय तहमा अनुसुची १ मा बाह्य प्रशिक्षकलाई कक्षा वापत रु.१००० र कार्यपत्र बापत रु.१५०० उपलब्ध गराउने साथै प्रदेश राजधानी बाहिरबाट बोलाउनु पर्दा निजलाई नियमानुसार आतेजाते, यातायात खर्च र दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सक्ने व्यवस्था छ। पालिकाले पदाधिकारी तथा क्षमता विकास कार्यक्रम गोष्ठी २०८१/२/१० र ११ गते दुई दिने कार्यक्रम सञ्चालन भएकोमा रु.२०६३७५।- खर्च लेखेको छ। सो कार्यक्रमका लागि बाहय प्रशिक्षक लेखनाथ पोखरेल र झंकर बहादुर कुंवरलाई आतेजाते,खाना,बास तथा प्लेन टिकट खर्च समेत भुक्तानी गरेकोमा सो दुई दिन प्रशिक्षण गरे वापत रु.५०००० का दरले कर कट्टी पछी रु.४२५०० का दरले भुक्तानी दिएको पाइयो।यसरी निम्नानुसार नर्म्सभन्दा बढी भुक्तानी भएको भत्ता रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| नाम/ पद | नर्सको दर (प्रतिकक्षा) | जम्मा कक्षा | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको जम्मा | बढी भुक्तानी | कर कट्टीपछिको रकम |
|---|---|---|---|---|---|---|
| प्रशिक्षक लेखनाथ पोखरेल | २५०० | ४ | १०,००० | ५००००।- | ४०,००० | ३२५०० |
| झंकर बहादुर कुंवर | २५०० | ४ | १०,००० | ५०,०००।- | ४०,००० | ३२५०० |
| **जम्मा** | | | **२००००** | **१००,०००** | **८०००** | **६५०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६५,००० |

२३ **तह वृद्धिः**

२३.१ कर्मचारी तहवृद्धि - नेपालको संविधानको धारा, २२७ मा स्थानीय तहका पदाधिकारीले पाउने सुविधा र कर्मचारी तथा पालिका सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून वमोजिम हुने व्यवस्था छ। कर्मचारीको तहवृद्धि गर्दा प्रदेश (सम्वन्धित लोक सेवा आयोग ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले यस वर्ष दुईजना प्रशासन पाँचौं तहको कर्मचारीलाई छैठौं तहमा तह वृद्धि गरेकोमा लोकसेवा आयोगको परामर्श लिएको पाईएन। यसरी परामर्श वेगर तहवृद्धि गरी यो आर्थिक वर्षमा थप भुक्तानी दिएको रु.४०९४७।-अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४०,९४७ |

२३.२ **थप ग्रेड :** गण्डकी प्रदेशको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा २७ मा कर्मचारीको तह वृद्धि सम्बन्धि व्यवस्था छ। साथै निजामती सेवा नियमावली, २०५० को नियम ९१ मा तलबमान सम्बन्धि व्यबस्था छ। सो ऐन तथा नियमावलीमा तहवृद्धि गर्दा तह वृद्धि भएको कर्मचारीलाई सोही तह वृद्धि भएकै महिनाबाट थप बोनस ग्रेड भुक्तानी दिने सम्बन्धमा उल्लेख भएको देखिंदैन। तर पालिकाले तहवृद्धि लागु हुने मिति २०८०/१०/१ रहेकोमा सोही महिनाको तलब भुक्तानी गर्दा देखि नै थप बोनस १ ग्रेड समेतको तलब भुक्तानी दिएको छ। ऐनमा व्यवस्था भएको भन्दा थप सुविधा दिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| नाम पद | वृद्धि भएको तह | निर्णय मिति | खाईपाई आएको तलब | नयाँ तलबमान | थप बोनस ग्रेड रकम | बढी भुक्तानी भएको रु. |
|---|---|---|---|---|---|---|
| श्री लिलाधर चापागाईं (साहायक पाँचौं) | छैठौं तहमा | २०८०/१०/१९ (माघ १ बाट लागु हुने उल्लेख) | ४२८३६ (समायोजन र ग्रेड समेत | ४३६८९ | १४५६ | १०३८० |
| पुरुषोत्तम खनाल (सहायक पाँचौ) | छैठौं तहमा | २०८०/१०/१९ | ४२८३६ (समायोजन र ग्रेड समेत | ४३६८९ | १४५६ | १०३८० |
| | | (माघ १ बाट लागु हुने उल्लेख) | | | **जम्मा** | **२०७६०।-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,७६० |

२४ **कच्चावारी तयार नगरी गत आ. व. को. भुक्तानी:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १३ मा उपनियम १५ मा उल्लेखित खर्च शिर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित पालिकाले संलग्न बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकको पालिकाबाट स्विकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण

तयार गरी आर्थिक वर्ष समाप्त भएको सातदिन भित्र कोष तथा लेखा नियन्त्रक पालिकाबाट प्रमाणित गराई राख्नु पर्ने कुरा उल्लेख छ । पालिकाले यस वर्ष विभिन्न गत आर्थिक वर्षको विभिन्न चालु प्रकृतिका खर्चको रु.५,०२,१९०।- भुक्तानी गरेकोमा भुक्तानी दिन बाँकीको कच्चावारी म.ले.प.फा.नं.२२१ प्रमाणित गरेको पाइएन। नियमानुसार भुक्तानी दिन बाँकीको विवरण तयार नगरी खर्च गरेको अनियमित भएको रु.

| भौ.नं. / मिति | विवरण | रकम |
|---|---|---|
| २/२०८०/६/१५ | पदाधिकारी सुविधा शिर्षकबाट विभिन्न ६ जना पदाधिकारीको अघिल्लो वर्षको बीमा खर्च ४ जनाको १०,०००।– का दरले भुक्तानी दिएको | ४०,०००।- |
| ३/२०८०/६/१५ | पदाधिकारी सुविधा शिर्षकबाट विभिन्न ६ जना पदाधिकारीको अघिल्लो वर्षको बीमा खर्च २ जनाको १०,०००।– का दरले भुक्तानी दिएको | २०,०००।- |
| २२९/२०८०।१२।०५ | विभिन्न ११ वटा स्वास्थ्य संस्थाको पानी, विद्युत तथा ईन्टरनेट वापतको खर्च | ४४२१९५।- |
| | **जम्माः-** | **५०२१९०** |

| | |
|---|---|
| अनियमित भएको | ५,०२,१९० |

२५ **कर्मचारी प्रोत्साहन भत्ताः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। पलिकाले नगरसभा बाट निर्णय गरी स्थायी तथा करार कर्मचारी समेत ७१ जनालाई मसिक रु. १००० देखि रु.१२०००।- सम्मको दरमा १ महिना देखि ११ महिना सम्मको रु.२६,००,०००।- प्रोत्साहन भत्ता वापत खर्च लेखाङ्कन गरेको देखिन्छ । यसरी प्रोत्साहन भत्ता वितरण गर्दा आर्थिक व्ययभार बढ्ने भएकोले पालिकाको आन्तरिक आयलाई समेत विचार गरी निश्चित मापदण्ड बनाएर खर्च गर्नुपर्दछ।

२६ **तलवी प्रतिवेदन :**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ६७ कर्मचारीको रु.९८,८४,१८६।- र पालिकाका ३७ कर्मचारीको रु.३,७८,५६,६९८।- समेत रु. ४,७७,४०,८८४।- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२७ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरीकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाको कुल बजेट ७७ लाख रहेकोमा कुल खर्च रु.६७,६२,४७८ भएको देखिन्छ। यस वर्ष पालिकाले ११ वडामा ३१ योजना सञ्चालन गरी ९९ जनालाई औसत दिनले ७१७८ दिन रोजगारी उपलव्ध गराई कुल रु.३६,४३,६९५।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट

लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| कुल बजेट | कुल खर्च | खर्च मध्ये ज्याला भुक्तानी | योजना संख्या | रोजगारी सङ्ख्या | कुल रोजगारी दिन |
|---|---|---|---|---|---|
| ७०,००,०००।- | ६७,६२,४७८।- | ३६,४३,६९५। | ३१ | ९९ | ७१७८ |

२८ **औषधि खरिद:**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा ६०% बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष देहायका फर्मसँग रु.२५,७३,२०१।- को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ :

| **भौ.नं./मिति** | **विवरण** | **भुक्तानी पाउनेको नाम** | **रकम** |
|---|---|---|---|
| ०८/२०८०।०८।२१ (न पा चालु स्वास्थ्य) | विभिन्न १५ प्रकारका औषधि खरिद | चिराग फार्मेसी प्रा.लि. | **२९६५६४।-** |
| १३०/२०८०।०९।२९ (न पा चालु स्वास्थ्य) | घुम्ती शिविर संचालनको लागि १४ प्रकारका औषधि खरिद | चिराग फार्मेसी प्रा.लि. | **१७४८९९ ।-** |
| ०२/२०८१।०१।१४ (न पा पूँजीगत स्वास्थ्य) | एनालाइजर र डेलिभरी बेड खरिद कार्यक्रमबाट Reagent खरिद | एन्जल सर्जिकल सप्लार्यस | **६७२६२ ।-** |
| २१७/२०८०।०९।२६ (सर्शत चालु) | आधारभूत आकास्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद (e-Bid) | चुन चुन फार्मेसी | **९३८५१० ।-** |
| २०/२०८१।०३।२१ | औषधि खरिद (बोलपत्र खरिद मुल्यमा नै थप) | चुन चुन फार्मेसी | **६४७४७६ ।-** |
| २७२/२०८१।०२।२२ | औषधि खरिद (बोलपत्र खरिद मुल्यमा नै थप) | चुन चुन फार्मेसी | **४४८४९० ।-** |
| | **जम्मा** | | **२५७३२०१ ।-** |

२९ **बीमाको बिल:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस आर्थिक वर्षमा पालिकाका देहाय बमोजिम ७ जना जनप्रतिनिधिहरुको बीमा गराएवापत प्रत्येक व्यक्तिको रु.१०,०००।- का दरले रु.७०,०००।- भुक्तानी दिएकोमा बीमाको बिल भर्पाई भौचरसाथ संलग्न रहेको पाईएन । सो बीमा रकमको बिल भर्पाईको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०,००० |

३० **स्वास्थ्य बीमा कार्यक्रम:**

विपन्न तथा गरीब नागरिकको स्वास्थ्य उपचारमा आर्थिक अभावको कारण पहुँच नपुग्ने अवस्थाको अन्त्य गर्ने अति विपन्न, दलित, लोपोन्मुख नागरीकको नि:शुल्क स्वास्थ्य विमा कार्यक्रमको मूल उदेश्य रहेको छ। गल्याङ्ग नगरपालिकाको अति विपन्न, दलित,

लोपोन्मुख नागरिकको निःशुल्क स्वास्थ्य विमा कार्यक्रम अनुसार पालिकाले यस शिर्षकमा १२,०२,५०२।- बजेट विनियोजन भएकोमा ११ वटा वडामा बसोबास गर्ने ११३ परिवारका ६६० जनाको बिमा गरी रु.४२३५००।- खर्च गरेको छ। नेपाल सरकारले गरीब पहिचानको परिचय पत्र कार्यक्रम लागु गरेको भएता पनि स्याङ्जा जिल्ला वा गल्याङ्ग नगरपालिका भित्र सो कार्यक्रम पुर्ण रुपमा लागु भइनसकेको अवस्था छ। यसरी गरीबी परिचय पत्रको अभावमा पालिकाले विपन्न वर्गको निःशुल्क बिमा गर्ने प्रयोजनका वास्तविक लाभग्राही छनौट गर्ने ठोस आधार नभएकोले विपन्न परिवार छनौट गर्ने निश्चित मापदण्ड तय गरी प्रभावकारी ढंगले कार्यक्रम संचालन गर्ने तर्फ ध्यान दिनु पर्दछ।

३१ **शिक्षा तर्फः**

३१.१ **दिवा खाजा :** शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकला.प नं. २.७.११.१ मा शैक्षिक सूचना व्यबस्थापन प्रणाली (EMIS) मा प्रविष्टी भएको प्रारम्भिक वालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु. १५ का दरले पहिलो त्रैमासिको बजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि स्थानीय तहले विद्यालय भौतिक रुपमा चलेको दिन खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यबस्थापन समितिको अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपछि मात्र थप अनुदान दिनुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले ६३ वटा विद्यालयका २७१० विद्यार्थीलाई रु.१५ का दरले जम्मा रु.६६,०४,५२३।– निकासा दिएको छ। पालिकाले समय समयमा विद्यार्थिलाई कार्यविधिमा तोकेबमोजिम खाजा वितरण गरे नगरेको सम्बन्धमा अनुगमन गर्नुका साथै विद्यालयको IEMIS मा उल्लेखित तथ्याङ्कको सत्यापन गरी कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित कार्यविधि अनुसार विद्यार्थीको प्रमाणित यथार्थ संख्याका आधारमा दिवा खाजा रकम निकासा गर्नुपर्दछ।

३१.२ **पाठ्यपुस्तक तर्फ :** शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.४.६.१ मा उल्लेख गरे अनुसार विद्यार्थी भर्ना भएको विवरण पाठ्यपुस्तक खरिद र वितरणको आधारमा थप निकासा दिने व्यवस्था छ। पालिकाले यो वर्ष ६३ विद्यालयका ४५२४ विद्यार्थीलाई ७५ प्रतिशतले रु.२०,४५,८०७।- र दोस्रो पटक नपुग ३१ विद्यालयलाई रु.४,१३,५३०।- गरी पाठ्यपुस्तक वापत जम्मा रु.२४,५९,३३७।- निकासा दिएको छ।पाठ्यपुस्तक वापतको रकम भुक्तानी दिंदा विद्यालयले विद्यार्थीको संख्या अद्यावधिक गरे नगरेको तथा विद्यार्थी संख्या अद्यावधिक गरी सोही आधारमा पुस्तक खरिदको बिल तथा वितरण गरेको भर्पाई पेश भए भएको एकिन गरी भुक्तानी दिनुपर्दछ।

३१.३ **शिक्षक दरवन्दी र पदपूर्ति :** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ :

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति मध्येकरार | पदपूर्ति मध्येकरार | विद्यार्थि संख्या |
|---|---|---|---|---|---|
| 1 | श्रीसार्वजनिक मा.वि. | २० | २० | ३ | ३८० |
| 2 | श्रीप्रतिभा आ.वि. | २ | २ | ० | २७ |
| 3 | श्रीमहेन्द्र आ वि | २ | २ | १ | ३५ |
| 4 | श्रीशिवालय मा वि | १५ | १५ | ५ | १६२ |
| 5 | श्रीहिमाञ्चल आ वि | ७ | ७ | १ | ५० |
| 6 | श्रीराधाकृष्ण आ वि | ५ | ५ | २ | ७२ |
| 7 | श्रीजगत्रदेवी आ वि | ४ | ४ | ० | ६१ |
| 8 | श्रीबमभंज्याङ आ वि | २ | २ | ० | ३१ |
| 9 | श्री लखनथापा आ वि | ३ | ३ | १ | ७७ |
| 10 | श्रीबालसिद्ध आ वि | २ | २ | २ | १८ |
| ११ | श्रीभानूभक्त आ. मा.वि. | २३ | २३ | ४ | ६८८ |
| १२ | श्रीज्ञानज्योती आ वि | ५ | ५ | १ | ७४ |
| १३ | श्री शिशुकल्याण मा वि | १४ | १४ | ५ | ९३ |
| १४ | श्रीकालिका मा वि | १४ | १४ | ४ | १४९ |
| १५ | श्रीचन्द्रज्योती आ वि | ५ | ५ | १ | २६ |
| १६ | श्रीदूर्गादिवी आ वि | १ | १ | ० | १० |
| १७ | श्रीकोपीला आ वि | ५ | ५ | १ | ५८ |
| १८ | श्री जनहितआ वि | २ | २ | २ | २२ |
| १९ | श्रीविद्याज्योती आ वि | ० | ० | ० | ११ |
| २० | श्रीसत्यशिला मा वि | ११ | ११ | ७ | ९२ |
| २१ | श्रीकालिका आ वि | २ | २ | ० | २० |
| २२ | श्रीबालकल्याण आ वि | २ | २ | ० | २२ |
| २३ | श्री चण्डीआ वि | १ | १ | ० | १३ |
| २४ | श्रीबालकल्याण आ वि खोलाखर्क | ३ | ३ | २ | ३३ |
| २५ | श्रीसरस्वती आ वि | ६ | ६ | २ | ४७ |
| २६ | श्रीजनप्रिय आ वि | १ | १ | १ | १२ |
| २७ | श्री नरोदयमा वि | १८ | १८ | ६ | २१३ |
| २८ | श्रीसालघारी आ वि | ३ | ३ | ० | ४५ |
| २९ | श्रीजीवज्योती आ वि | १ | १ | ० | १८ |
| ३० | श्रीसरस्वती आ वि | ३ | ३ | १ | २४ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | श्रीपुण्यभूमी आ वि | ० | ० | ० | १३ |
| ३३ | श्रीचिउरीखर्क आ वि | ५ | ५ | २ | ५० |
| ३४ | श्री चितुङआ वि | ५ | ५ | ४ | ४१ |
| ३५ | श्रीराष्ट्रिय मा वि | ११ | ११ | ५ | १११ |
| ३६ | श्रीमहाकाली आ वि | १ | १ | १ | १८ |
| ३७ | श्रीकालिका आ वि | ३ | ३ | ० | २४ |
| ३८ | श्रीसरस्वती आ वि | ३ | ३ | ० | २३ |
| ३९ | श्रीविरेन्द्र आदर्श आ वि | २ | २ | ० | १९ |
| ४० | श्रीमहेन्द्र आदर्श आ वि | ३ | ३ | १ | ६८ |
| ४१ | श्रीनवदुर्गा आ वि | २ | २ | ० | १५ |
| ४२ | श्री नेपालराष्ट्र मा वि | १५ | १५ | ६ | २९८ |
| ४३ | श्रीज्योती आ वि | ० | ० | ० | ७ |
| ४४ | श्रीमहेन्द्र दर्शन मा वि | ११ | ११ | ७ | १३४ |
| ४५ | श्रीजनज्योती आ वि | ३ | ३ | ० | २८ |
| ४६ | श्रीचण्डीका आ वि | ३ | ३ | १ | ५७ |
| ४७ | श्रीशिद्धशक्ति आ वि | ३ | ३ | ० | ५१ |
| ४८ | श्रीरामराज्य आ वि | ३ | ३ | ० | ४५ |
| ४९ | श्रीज्ञानोदय मा वि | १५ | १५ | १० | २२८ |
| ५० | श्री जानकीमा वि | १७ | १७ | ५ | ३२३ |
| ५१ | श्रीगण्डकी मा वि | ९ | ९ | ५ | १५३ |
| ५२ | श्रीनेत्रज्योती आ वि | ३ | ३ | १ | ६० |
| ५३ | श्रीपकवादी भंज्याङ मा वि | १३ | १३ | ९ | १२१ |
| ५४ | श्रीदेवीभंज्याङ आ वि | २ | २ | २ | २७ |
| ५५ | श्रीजनकल्याण आ वि | ३ | ३ | ० | ४१ |
| ५६ | श्री बज्रेभंज्याङ मा वि | १३ | १३ | ६ | १२९ |
| ५७ | श्रीगल्कोट मा वि | १७ | १७ | ८ | २२३ |
| ५८ | श्रीबालज्योती आ वि | ३ | ३ | १ | ३८ |
| ५८ | श्री गणेशआ वि | ६ | ६ | २ | ५८ |
| ५९ | श्रीतारादेवी आ वि | १ | १ | १ | १५ |
| ६० | श्री हुलाकआ वि | ५ | ५ | ० | ९७ |
| ६१ | श्रीरामनदीधाम सं | २ | २ | ० | १०२ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६२ | श्रीलालीगुरास आ वि | १ | १ | १ | ३२ |
| ६३ | श्रीशिद्धशक्ति आ वि | ० | ० | ० | २४ |
| | **जम्मा** | **३६५** | **३६५** | **१३०** | **५२५६** |

पेश भएको विवरण अनुसार ६४ मध्ये ५ वटा विद्यालयमा विद्यार्थी संख्या न्युन रहेको तथा शिक्षकको दरबन्दी नरहेको देखिन्छ। नजिक भएका विद्यालयहरु एक आपसमा मर्ज गरी शिक्षक विद्यार्थी अनुपात मिलाउने तर्फ जोड दिनुपर्दछ।साथै शिक्षक दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

३१.४ **सेनेटरी प्याड खरिद :** सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनेटरी प्याड पालिकाले वा विद्यालयले गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनेटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा एउटा महिनावारी चक्रका लागि बढीमा १६ वटा (२ प्याकेट) सेनेटरी प्याड १० महिनाको लागि उपलब्ध गराउनु पर्ने व्यवस्था उल्लेख छ। पालिका भित्रका २६ सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थिहरु ३१२ जना रहेकोमा पालिकाले यस वर्ष सेनेटरी प्याड खरिद नगरी देहायबमोजिम विद्यालयहरुलाई रकम निकाशा गरेको पाईयो। रकम निकासा भएबमोजिम विद्यालयले खरिद गरी वितरण गरेको बिल तथा भर्पाईको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | छात्रा संख्या | निकासा प्याकेटप्रति विद्यार्थि | जम्मा प्याकेटसंख्या | दर | निकासा रकम |
|---|---|---|---|---|---|---|
| १ | श्री सार्वजनिक मा.वि. | १६५ | १२ | १९८० | ६५ | १२८७०० |
| २ | श्री शिवालय मा वि | ५७ | १२ | ६८४ | ६५ | ४४४६० |
| ३ | श्री हिमाञ्चल आ वि | १२ | १२ | १४४ | ६५ | ९३६० |
| ४ | श्री राधाकृष्ण आ वि | १५ | १२ | १८० | ६५ | ११७०० |
| ५ | श्री भानूभक्त आ मा वि | २९५ | १२ | ३५४० | ६५ | २३०१०० |
| ६ | श्री शिशु कल्याण मावि | २५ | १२ | ३०० | ६५ | १९५०० |
| ७ | श्री कालिका मा वि | ४८ | १२ | ५७६ | ६५ | ३७४४० |
| ८ | श्री चन्द्रज्योती आवि | १० | १२ | १२० | ६५ | ७८०० |
| ९ | श्री सत्यशिला मा वि | १७ | १२ | २०४ | ६५ | १३२६० |
| १० | श्री सरस्वती आ वि | १५ | १२ | १८० | ६५ | ११७०० |
| ११ | श्री नरोदय मा वि | ५८ | १२ | ६९६ | ६५ | ४५२४० |
| १२ | श्री चिउरीखर्क आ वि | ६ | १२ | ७२ | ६५ | ४६८० |
| १३ | श्री चितुङ आ वि | ७ | १२ | ८४ | ६५ | ५४६० |
| १४ | श्री राष्ट्रिय मा वि | २२ | १२ | २६४ | ६५ | १७१६० |
| १५ | श्री नेपाल राष्ट्र मावि | १०१ | १२ | १२१२ | ६५ | ७८७८० |
| १६ | श्री महेन्द्र दर्शनमा वि | ६० | १२ | ७२० | ६५ | ४६८०० |
| १७ | श्री ज्ञानोदय मा वि | ५८ | १२ | ६९६ | ६५ | ४५२४० |
| १८ | श्री जानकी मा वि | ८७ | १२ | १०४४ | ६५ | ६७८६० |
| १९ | श्री गण्डकी मा वि | ३२ | १२ | ३८४ | ६५ | २४९६० |
| २० | श्री पकवादी भंज्याङमा वि | २६ | १२ | ३१२ | ६५ | २०२८० |
| २१ | श्री बज्रे भंज्याङ मावि | ३६ | १२ | ४३२ | ६५ | २८०८० |
| २२ | श्री गल्कोट मा वि | ८९ | १२ | १०६८ | ६५ | ६९४२० |
| २३ | श्री गणेश आ वि | १५ | १२ | १८० | ६५ | ११७०० |
| २४ | श्री बालकल्याण आ विखोलाखर्क | ५ | १२ | ६० | ६५ | ३९०० |
| २५ | श्री लखन थापा आ वि | ३ | १२ | ३६ | ६५ | २३४० |
| २६ | श्री चण्डीका आ वि | १० | १२ | १२० | ६५ | ७८०० |
| | **जम्मा** | **१४७४** | **३१२** | **१५२८८** | | **९९३७२०** |

कार्यविधिमा तोकेबमोजिम प्याड खरिद गरी निकाशा दिनुपर्नेमा सिधै रकम निकाशा दिएको नियमसम्मत देखिएन त्यसैले कार्यविधिमा तोकेबमोजिम समयमै खरिद गरी वितरण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्छ।

| प्रमाण पेश नगरेको | ९,९३,७२० |
|---|---|

३२ **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्य सम्पादन;**

**असुल गर्नुपर्ने :** २८८।२०८१।३।४ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकमा नमूना मा वि श्री सार्वजनिक मा वि वडा नं १ मालुङ्गालाई रु ३००००००। निकासा दिएकोमा विभिन्न शीर्षकमा रु २५२०३८२। मात्र खर्च भएको प्रमाण संलग्न छ ।यस सम्वन्धमा देखिएका व्यहोरा यस प्रकार छनः

३२.१ क) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को निमय ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्दछ । निकासा दिएको मध्ये खर्च नभै बाँकी रहेको रु ४७९६१८। उक्त विधालयबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,७९,६१८ |

३२.२ ख) विधालयमा शैक्षिक गुणस्तर सुधारमा दिएको उक्त रकम विधालयको शैक्षिक गुणस्तरमा खर्च गर्नु पर्नेमा रु ६०००। शुभकामना आदानप्रदान गर्ने काममा खर्च गरेको पाईयो । उक्त असम्वन्धित खर्च विधालयबाट असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

३३ **नमूना विद्यालयः** (२२-२०८१-२-२९):

केन्द्रबाट छनौट भएका नमूना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान अन्तर्गत श्री सार्वजनिक मा वि वडा नं १ मालुङ्गालाई रु. १ करोड निकासा भएको छ । उक्त निकासाबाट गत आ. व. २०७९।८० मा निर्माण भएको भवनको भुक्तानी हुन बाँकी रु ४६३०५७१।, यस वर्षको कम्पाउण्ड निर्माणको रु.६९२०४२। र शौचालय निर्माणको रु. ३४६७७५०। गरी जम्मा रु. ८७९०३६३। को निर्माण सम्पन्न भएको प्रमाण पेश हुन आएकोले बाँकी निकासा रु. १२०९६३७। को भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन निर्माण सम्पन्न भएको प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,०९,६३७ |

३४ **दिर्घरोगीको उपचार खर्चः**

औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७८ को दफा २ (ख) मा वास्तविक लाभग्राही सम्बन्धमा व्यवस्था रहेको छ। त्यसैगरी सोही कार्यविधिको दफा ४ मा लाभग्राहीलाई नेपाल सरकारले तोकेको मासिक ५०००।- का दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। पलिकाले यस आर्थिक वर्षमा ८१ जनालाई ६-७ महिनासम्मको प्रतिव्यक्ति प्रतिमहिना ५०००।– का दरले रकम उपलब्ध गराई जम्मा रु.३८,८०,०००।- खर्च लेखांकन गरेको छ। गल्याङ नगरपालिका भित्र गरिवी परिचयपत्र कार्यक्रम पुर्ण रुपमा लागु नभईसकेको अवस्थामा स्याङ्जा जिल्लामा गरिवीको परिचयपत्र वितरणको कार्य पुर्ण रुपमा भईनसेकोले वास्तविक लाभग्राही छनौटका लागि स्पष्ट आधार नभएको अवस्था छ।पालिकाले वडाको सिफारिसका आधारमा सामाजिक सुरक्षा प्राप्त गरिरहेका व्यक्ति वाहेकका विपन्न व्यक्तिलाई सो रकम उपलब्ध गराएको छ। कार्यविधिमा तोकेबमोजिमको विधि अवलम्वन गरी लक्षित वर्ग पहिचानको निश्चित मापदण्डका आधारमा लाभग्राही पहिचान गरी कार्यक्रमको उदेश्य बमोजिम खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३५ **हेफर प्रोजेक्ट तर्फ :**

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु. २,२०,००,०००। को लागत साझेदारीमा मिति २०८२/०३/१६ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९/१२/१७ मा सम्झौता भएको छ। कुल लागत रु.३,१४,२८,५७१।- मध्ये ७० प्रतिशतले हुने रकम रु.२,२०,००,०००।- पालिकाले र बाँकी ३०% ले हुने रकम रु.९४,२८,५७१।- हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस पालिकावाट

हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८०।८१ मा रु.१,२६,६६,५२५।- भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन :

३५.१ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि मिति २०७९/१२/१७ मा तीन वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये तालिममा रु.७३६०००।- हेफरलाई उपलब्ध गराएको छ।अत : पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले समानीकरण अनुदानबाट गैर सरकारी संस्थालाई भुक्तानी गर्ने काम नियन्त्रण गर्नुपर्दछ।

३५.२ पालिकाले नागरिकलाई पुर्याउनुपर्ने आधारभूत कृषिमा आफ्नो स्वीकृत संरचनामार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकार अन्तर्राट्रिय गैरसरकारी सस्थाबाट कार्य गराउँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत रु.६५,००,००० पेश्की दिएको नियम सम्मत भएन।

३५.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व पालिकाबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्नुपर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष हेफर प्रोजेक्ट नेपाल लाई (पालिकाको आन्तरिक बजेटबाट रु.६३०६६४/- र संघीय शसर्त विशेषबाट रु.५७७७७२९/-) रु.८५४१३९३ भुक्तानी गरेको र हेफर प्रोजेक्टले नयाँ गोरेटो स्याङ्जा मार्फत कार्यक्रम कार्यान्वियन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानीय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो ।अत : कानून अनुसार बील विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन ।

३६ **राजस्व वाँडफाँडः**

गण्डकी प्रदेश आर्थिक ऐन २०८० को दफा ८ वमोजिम प्राकृतिक श्रोत शुल्कमा भएको व्यवस्था वमोजिम प्राकृतिक श्रोत शीर्षकबाट पालिकाले यो वर्ष संकलन गरेको रोयल्टी रकम मध्ये ठेक्का प्रकृयाद्धारा संकलन गरिएको रु.११२७४१२.० को ४० प्रतिशत ले हुने रु.४५०९६५.० प्रदेशलाई पठाएतापनि अमानतबाट संकलन गरिएको रु.५२०८६०२.० को ४० प्रतिशतका दरले हुने रु.२०८३४४१ प्रदेश सरकारलाई पठाएको नदेखिएकोले प्रदेश संचितकोषमा वांडफांड गरी पठाउनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,८३,४४१ |

३७ **आन्तरिक आय तर्फः**

३७.१ **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारिण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ :

| केन्द्रीयअनुदानबाटखर्च | आन्तरिकआय | आन्तरिकआयप्रतिशत |
|---|---|---|
| ६८७१९३ | १४१२४ | २.०६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.०६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३७.२ **आय अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४ करोड ३४ लाख ८ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.१ करोड ४१ लाख २४ हजार अर्थात अनुमान भन्दा ६७.४९ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३७.३ **कर तथा शुल्क असुली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ :-

| राजस्वसंकेत | आम्दानी शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| ११३१३ | सम्पती कर | ३५०००००.० | ६६१४७५.५० | १८.८९% |
| ११३१४ | भुमिकर/मालपोत | १७४७७०५.१२ | ३१४५६७.० | १८% |
| ११३१७ | वहाल कर | २८५००००.० | १८३०२४८.० | ६४.२२% |
| ११४५१ | सवारी साधनकर (साना सवारी) | १५००००.० | ७११२५.० | ४७.४२% |
| ११४५२ | पुर्वाधारसेवाको उपयोगमा लाग्ने कर | १३०००००.० | ० | ० |
| ११६११ | व्यवसायलेभुक्तानी गर्ने | १५०००००.० | १५०० | ०.१ |
| ११६३१ | कृषी तथा पशु | ० | १९५०० | |
| ११६९१ | अन्य | ० | ७८०४ | |
| ११३१८ | वहाल विटौरी कर | २५००००.० | ० | ० |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त | ५०००००.० | ० | ० |
| १४२१३ | अन्य विक्रीबाट प्राप्त रकम | ५०००००.० | ३४४६४५.० | ६८.१३% |
| १४२१६ | निजी धारा वापतको शुल्क | ३५०००००.० | २३५२३८६.० | ६७.२०% |
| १४२१८ | विद्युत सेवा शुल्क | ० | ४०० | |
| १४२१९ | अन्य सेवाशुल्क तथा बिक्री | २०००००.० | ० | ० |
| १४२२१ | न्यायिकदस्तूर | १०००००.० | ४९००.० | ४.९% |
| १४२२३ | शिक्षा क्षेत्र | ० | ४००० | |
| १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | ३५०००००.० | ३५५५५१.० | १०.१६% |
| १४२२४ | परीक्षा शुल्क | ० | ३९७००.० | |
| १४२४२ | नक्सापासदस्तुर | ६१०००००.० | १०६२०६.० | १.७४% |
| १४२४३ | सिफारिशदस्तुर | ४०००००००.० | २९०११८३.० | ७२.५३% |
| १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | १००००००.० | ५५०३४०.० | ५५.०३% |
| १४२४५ | नाताप्रमाणित दस्तुर | १५०००००.० | ६३७७००.० | ४२.५१% |
| १४२६२ | विद्युत सम्वन्धि | ० | ३०००.० | |
| १४२६५ | अन्य क्षेत्रको आम्दानी | ० | ११३४२.० | |
| १४२४९ | अन्यदस्तुर | ६१०००००.० | ३३५७५०७.१६ | ५५.०४% |
| १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | २५०००००.० | ४७१५०.० | १.८९% |
| १४३१२ | प्रशासनिकदण्ड, जरिवाना र जफत | १५००००.० | ७८३६६.० | ५२.२४% |
| १४६११ | व्यवसाय कर | २५०००००.० | ५६६४१.० | २.२७% |
| १४५२९ | अन्य राजस्व | ० | १०८९० | |

| | | | | |
|---|---|---|---|---|
| १५१११ | वेरुजू | ० | ३५६२५१ | |
| **जम्मा** | | **४३४४७७०५.१२** | **१४१२४३७७.६६** | **३२.५१** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३७.४ **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.५६ हजार ६४१ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३८ **नदीजन्य पदार्थको निकासीको राजस्व:**

**जरिवाना गरी असुल गर्नुपर्ने :** नदीजन्य पदार्थको निकासीको राजस्व कार्यपालिकाको निर्णयबाट वडा नं २,३,४,५ र ८ मा पर्ने आँधीखोला र वडा नं १,९र ११ मा पर्ने कालीगण्डकी नदीका विभिन्न नाकाबाट पालिकाले खटाएको व्यक्तिबाट राजस्व संकलन गरी नदिजन्य पदार्थ निकासीको अनुमति दिने गरेको पाईयो । यस सम्वन्धमा देखिएका व्यहोरा देहायवमोजिम छन्ः

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ को दफा २७ (१) बमोजम प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व रकम पालिकामा प्राप्त भए पछि सोही दिन र सोही दिन सम्भव नभए सो को भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए वमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐनको दफा २८(२) मा राजस्व रकम तोकिएको समयमा दाखिला नगरेमा दश दिन सम्म ढिला गरेको भए दाखिला गर्न बांकी रकम र सो को दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने व्यवस्था छ । पालिकाले आफ्नै नगदी रसिद प्रयोग गरी नदीजन्य पदार्थ निकासी गर्न दिएकोमा सो बाट संकलन भएको राजस्व रकम तोकिएको समयमा दाखिला भएको देखिएन । ढिलो गरी राजस्व दाखिला गर्ने देहायवमोजमको राजस्व रकममा जरिवाना असुल गर्नु पर्ने रु.

| नाका | राजस्व वुझिलिने व्यक्ति | संकलन अवधि | दाखिला मिति | दाखिला रकम | १० प्रतिशतले जरिवाना |
|---|---|---|---|---|---|
| ग न पा ९ वेल्चौर नाका | वडाबाट नियुक्त गिरीधारी खनाल | २०८०।९।१७ बाट शुरु भई २०८०।१२।२२ सम्म संकलन भएको | २०८१।२।१३ | ७१५०००। | |
| | | | २०८१।३।९ | १५००००। | |
| | | | २०८१।३।२१ | ५००००। | |
| | | | जम्मा | ११९५०००। | ११९५००। |
| ग न पा वडा नं २ इलुंगा नाका झ्याइ पेल्दी | वडा अध्यक्ष खरग ब थापा | २०८०।१०।१४ देखि २०८०।११।७ | २०८१।३।१३ | ३४९०००। | |
| | | | २०८१।३।१८ | ६१०००। | |
| | | | जम्मा | ४१००००। | ४१०००। |
| | | | **कुल जम्मा** | | **१५६०००।** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५६,००० |

३९ **सामुदायिक वनको आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको सचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सामूदायिक वन उपभोक्ता समितिको अभिलेख राख्ने गरेको पाईएन भने सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउने गरेको एवं वन पैदावारको विक्री वापत प्राप्त रकमको दश प्रतिशत पालिकाको सचित कोषमा जम्मा गर्ने गरेको पाईएन । उयर्युक्त कानूनी व्यवस्थाको पालना हुनु पर्दछ ।

४० **खानेपानी महशुल बक्यौताः**

पालिकाले नगरवासीलाई खानेपानी व्यवस्था गरेवापत उपभोगकर्ताबाट नियमित रुपमा पानीको महशुल वुझाउनु पर्दछ । केही ग्राहकले पालिकाले व्यवस्था गरेको खानेपानी उपभोग गरेवापत नियमित रुपमा महशुल दाखिला गरेको पाईएन । महशुल दाखिला नगर्ने देहायका उपभोगकर्ताबाट उठ्न बाँकी महशुल असुल गर्नु पर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ४० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,३७,१७० |

४१ **नगदी रसिद:**

पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी पालिका प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर नदीजन्य पदार्थको निकासीमा अमानतबाट राजस्व संकलन गर्ने कार्यका लागि प्रयोग गर्ने गरेकोमा कतिपय नगदी रसिदबाट संकलन भएको राजस्व पालिकामा नगदी रसिद साथ दाखिला भएको पाईएन । पालिकाबाट वुझी लगेका र हालसम्म पालिकामा राजस्व समेत दाखिला नभएका देहायका रसिद ठेलीहरु दाखिला गर्न लगाई राजस्व रकममा नियमानुसार जरिवाना समेत असुल गर्नु पर्दछ ।

| नाका | बुझिलाने व्यक्ति | रसिद नं | कैफियत |
|---|---|---|---|
| वडा नं ११, जिमुहाघाट नाका | वडा वाट नियुक्त कमल ज्ञावली | १२५१-१३०० एक प्याड<br>१३५१-१४००एक प्याड<br>१४५१-१६५० चार प्याड | प्रयोग भएको रसिद ठेली र राजस्व दाखिला नदेखिएको |
| | वडा वाट नियुक्त सुनिल डुम्रे | १५०१-१६५० एक प्याड | |
| वडा नं ५, आंधिमुहान नाका | व. अ. घनश्याम भट्टराई | १७५१-१८०० र ६६०१-६६५० गरी दुई प्याड | |
| वडा नं २, इलुंगा नाका झ्याइ पेलदी | व.अ. खरग व थापा | २००१-२१०० र २६५१-२७५० गरी चार प्याड | |

४२ **योजना अनुगमनः**

योजनाको अनुगमन प्रतिवेदन गर्दा अनुगमन भएको मिति उल्लेख गर्ने गरेको देखिएन । साथै अनुगमन प्रतिवेदनमा अनुगमन समितिबाट कैफियत उल्लेख गर्ने व्यवस्था भएता पनि प्राय प्रतिवेदनमा केही कैफियत उल्लेख गर्ने गरेको देखिएन। जस्ले गर्दा अनुगमन प्रतिवेदन पारम्पारिक र नियमित जस्तो मात्र देखिन्छ । अनुगमन प्रभावकारी वनाउनु पर्दछ ।

४३ **१५ सैयाको अस्पताल निर्माण :**

पालिकाले १५ सैयाको अस्पताल, मालुङ्गा, स्याङ्जाको निर्माण कार्यका लागि वोलपत्र आव्हान गरी सम्झौता रकम रु.११,५१,१५,२३२.९० (मु.अ.कर समेत) मा निर्माण गर्ने गरी सिनर्जि शंखदेवी, बनस्थली, काठमाडौंसँग २०८०।०२।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७८।२।३० मा सम्झौता गरेकोमा निम्न व्यहोरा देखियो :

**म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थप सम्वन्धि व्यवस्था छ । सम्झौता रकम रु. ११,५१,१५,२३२.९० (मु.अ.कर समेत) भएको योजनाको म्याद २०८०।०२।३० मा सम्पन्न भएको तत्पश्चात २०८१।२।३० सम्म म्याद थप भए तापनि योजनाको भौतिक प्रगति ३८ प्रतिशत मात्र भएको देखियो ।निर्माण व्यवसायीसंग खरिद सम्झौतामा उल्लेखित म्याद र पहिलोपटक थप भएको म्याद समाप्त भएको र दोश्रो पटक म्याद थप भईनसकेको अवस्था विद्यमान भएकोले निर्धारित अवधिमा कार्य सम्पन्न हुन नसक्नुका कारणहरु समिक्षा गरी समय नियन्त्रणको लागि खरिद सम्झौतामा व्यवस्था भए बमोजिमको अद्यावधिक कार्यतालिका, म्याद थप गर्नुपर्ने घटनाको पुर्व जानकारीको अवस्था, दैनिक कार्यको अभिलेख, म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि दिएको निवेदन जस्ता कागजातहरुको अध्ययन गरी औचित्यताको आधारमा मात्र म्याद थप गर्नुपर्ने अन्यथा नियमावलीमा भएको प्रावधान अनुसार सम्वन्धित निर्माण व्यवसायीबाट पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी आवश्यक कारवाही अगाडी बढाउनु पर्ने देखिन्छ ।

४४ **पेश्की नजनाएको :** (३०-२०८०-७-३):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५२(१) मा सरकारी कामकाजको लागि पेश्की दिएको रकम सोही आर्थिक वर्ष भित्र फछ्यौट हुन नसकेमा पालिका प्रमुखले त्यसरी फछ्यौट हुन बांकी रहेको पेश्की रकम , पेश्की लिनेको नाम थर, स्थायी तथा अस्थायी ठेगाना, सम्पर्क फोन नम्वर, मोवाइल नम्वर र इमेल ठेगाना सहित कुन काम वापत पेश्की दिएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नु पर्ने व्यवस्था छ । सडक वत्ती साझेदारी कार्यक्रम अन्तर्गत सडक वत्ती विस्तारको लागि विद्युत प्राधिकरण राष्ट्रिय सडक बत्ती प्रवर्द्धन आयोजनालाई दिइएको पेश्की रु.१७,३५,३७५।- पालिकाले पेश्की जनाई बैंक नगदी किताव र पेश्की बांकी विवरण म.ले,प,फा,न २११ मा जनाएको नदेखिएकोले पेश्की कायम गरी खातामा चढाउनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,३५,३७५ |

४५ **बढि भुक्तानी :** (२११-२०८०-१२-१९):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार रनिङ बिलको भुक्तानी गर्दा निर्माण कार्यको प्राविधिक नापजाँच गरी नापी किताव (मेजरमेन्ट बुक) मा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने उल्लेख छ । पालिकाले रु.१,४१,५४,२१२.० सम्झौता रकम भएको करदी तीनदोवाटे सडक निर्माण कार्यको लागि निर्माण व्यवसायी शोभान कन्स्ट्रक्सन प्रा.लीलाई प्राविधिकबाट मुल्यांकन भएको बिल अनुसार रु.१,१५,८१,२५९.० भुक्तानी हुनुपर्नेमा रु.१,१७,८९,२५५.० भुक्तानी भएको देखियो । यसरी प्राविधिकबाट मुल्याङ्कन भएको कार्य भन्दा बढी भुक्तानी भएको रु.२,०७,९९६.० सम्वन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०७,९९६ |

४६ **सडक निर्माण:**

पालिकाले मालुङ्गा – कटुवा – बझादीगाउँ – जौवारी ठुलिवारी सडक योजना निर्माणको लागि वोलपत्र आव्हान गरी सम्झौता रकम रु.९३,४९,६६५.५७ (मु.अ.कर समेत) मा निर्माण गर्न सेभेन कन्स्ट्रक्सन, स्याङ्जा, वालिङ्गसँग २०८१।०३।४ सम्ममा कार्य सम्पन्न गर्ने गरी २०८०।९।०४ मा सम्झौता गरेकोमा निम्न व्यहोरा देखियो ।

४६.१ **क. म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थप सम्वन्धि व्यवस्था छ।सम्झौता रकम रु.९३,४९,६६५.५७ भएको योजनाको म्याद २०८१।०३।०४ मा सम्पन्न भएतापनि योजनाको प्रगति १६.३३ प्रतिशत मात्र भएको देखियो ।निर्माण व्यवसायीसंग खरिद सम्झौतामा उल्लेखित म्याद समाप्त भएको र म्याद थप पनि भईनसकेको अवस्था विद्यमान भएकोले निर्धारित अवधिमा कार्य सम्पन्न हुन नसक्नुका कारणहरु समिक्षा गरी समय नियन्त्रणको लागि खरिद सम्झौतामा व्यवस्था भए बमोजिमको अद्यावधिक कार्यतालिका, म्याद थप गर्नुपर्ने घटनाको पुर्व जानकारीको अवस्था, दैनिक कार्यको अभिलेख, म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि दिएको निवेदन जस्ता कागजातहरुको अध्ययन गरी औचित्यताको आधारमा मात्र म्याद थप गर्नुपर्ने अन्यथा नियमावलीमा भएको प्रावधान अनुसार सम्वन्धित निर्माण व्यवसायीबाट पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी आवश्यक कारवाही अगाडी बढाउनु पर्ने देखिन्छ ।

४६.२ **ख. पेश्की जमानत :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०(१) मा पालिकाले मालसामान खरिद गर्न, सेवा उपलव्ध गराउन वा निर्माण सम्वन्धी कामको लागि सरकारी कर्मचारी बाहेक कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई पेश्की दिंदा प्रचलित कानून बमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीबाट जम्मा गरीएको पेश्की जमानतको म्याद २०८१।३।५ मा समाप्त भएको देखिएकोले बांकी पेश्की रु.१६,३७,०००।- को म्याद थप गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,३७,००० |

४७ **योजना प्राथमिकीकरण:**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरीवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ५२८ योजनामा बजेट विनियोजन गरेको छ :

| क्र.सं. | किसिम | सङ्ख्या |
|---|---|---|
| १ | ५० हजार सम्मका | ८१ |
| २ | ५० हजार देखि १ लाख सम्मको | १४० |
| ३ | १ लाख देखि २ लाख सम्मका | १४४ |
| ४ | २ लाख देखि ५ लाख सम्मको | ८८ |
| ५ | ५[i] लाख देखि माथिका | ७५ |
| | **जम्मा** | **५२८** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४८ **पूर्वनिर्धारित क्षतिपूर्ति:** (४२२-२०८१-३-४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । ठेक्का नं १०।८०।८१ अन्तर्गत एच.डी.पी. पाइप रु.८२४२२२.० मा खरिद गर्न निर्माण व्यवसायी भास्ट स्टोर, गुल्मीसँग २०८१।१।०६ सम्ममा सामान आपूर्ति गर्ने गरी २०८०।१२।२० मा सम्झौता भएकोमा सम्झौतामा तोकिएको म्यादभन्दा ३० दिन ढिलाई गरी सामान आपूर्ति भएको देखियो । खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिव माफिकको कारण खुलाई म्याद थप गरेको छैन । खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्यगर्ने आपूर्तकबाट रु.१२,३६३.३३, पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,३६३.३३ |

४९ **प्राविधिक बिल र कार्यसम्पन्न :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बीलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५० **त्रुटि सच्याउनु पर्नेः**

गल्याङ बाज्रे तिनदोवाटो सडक डिविएसटी प्रविधिमा स्तरोन्नती गर्ने कार्यका लागि निर्माण व्यवसायी श्री विवेक एण्ड कुवेर विल्डर्स प्रा. लि. वालिङ ५ सँग ७ महिनामा सम्पन्न गर्ने गरी मिति १२ डिसेम्वर २०२२ मा रु. ३९९८०८३७।८१ सम्झौता भएको पाईयो । निर्माण व्यवसायीले म्याद थप पश्चात २०८० कार्तिक १२ मा निर्माण सम्पन्न गरेकोले पालिकाले निजलाई अन्तिम भुक्तानी समेत दिई सकेको छ । लेखापरीक्षणका क्रममा स्थलगत अनुगमन गर्दा कतिपय स्थानमा कालोपत्रे उप्किएको एवं विग्रेको अवस्थामा देखियो । उक्त ठेक्काको त्रुटी सच्याउने अवधि बाँकी रहेकोले विग्रे भत्किएको स्थान सच्याउन लगाई स्पेशिफिकेसन वमोजिम सडक भएको एकिन गरी त्रुटी सच्याउने अवधि पश्चात कार्यसम्पन्न प्रतिवेदन जारी गर्नुपर्दछ।

५१ **परामर्स तथा डीपीआर खर्च :**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ :

| **कार्यविवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| गल्यान नगरपालिकाको लागि भु उपयोग वर्गिकरण गर्नका लागि परामर्श सेवा खरिद | मर्दी इन्जिनियरिङ कन्सल्टेन्सी प्रा | ५९६६४०.० | ५९१२४४ | प्राप्त नभएको |
| वडा नं ९ को गुरु योजना निर्माण कार्य | एक्सपोनेन्ट कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा | ७६५९१४.० | ७६५९१४.० | प्राप्त नभएको |
| पर्यटन संरक्षणका लागि सेती बेनी र ताम्कीकोटमा मन्दिर, पार्क, फुट ट्रेल, नदी संरक्षण कार्यको गुरुयोजना र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयारी | त्रैलोक्य बिल्डर्स एण्ड कन्सल्टेन्ट्स, महालक्ष्मी-०५, ललितपुर | ११७०४५४.० | ११७०४५४.० | १५,८१,७८,००० |
| **जम्मा:** | | **२५३३००८** | **२५२७६१२** | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

५२ **ओभरहेड समेत भुक्तानीः** (54-२०८०-८-११):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामान खरिदको लागत अनुमान तयार गर्दा ओभरहेड समावेश नगरी तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न साइजका १९९२ स्क्वायर मिटर जाली खरिद गर्दा १५ प्रतिशत ओभरहेड समावेश गरी भुक्तानी गरेको देखियो । अत: ओभरहेड १५ प्रतिशत समावेश गरी एन.पी.जी.आई कम्पनीलाई भुक्तानी गरीएको रु.६३७०२१.० बाट १५ प्रतिशतले हुने रकम रु.९५५५३.० कट्टा गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९५,५५३ |

५३ **आन्तरिक लेखापरिक्षण बेरुजु तर्फः**

५३.१ **विल भरपाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले देहाय बमोजिमको भुक्तानी दिंदा खर्च बमोजिको बिल भर्पाई पेश नभएकोले सो को प्रमाण पेश हुनपर्ने रु.

| **भौचर नं.** | **विवरण** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|
| भौ.नं.३५१ न. पा. चालुः | वडाबाट ब्याड मिन्टन सामग्री खरिद | राधा कुमारी न्यौपाने | २४००० |
| भौ नं 575 | तारजालिको काम भएकोमा प्राविधिक विल अनुसार रु.३,४९,२७३।-भुक्तानी भएकोमा रु.२,८८,५४४।- को मात्र बिल पेश भएको | तल्लो गल्याङ खेलमैदान निर्माण योजना (नपुग बिल रकम) | ६०७२९ |
| | | जम्मा | ८४७२९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८४,७२९ |

५३.२ **सक्कल बिजकः-** (९५ न. पा. चालु)आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। फ्युचर पब्लिकेशन प्रा. लि.लाई रु.१०८५३९।– भुक्तानी दिंदा सक्कल बिल पेश नगरी छायाँकपी बिलको आधारमा भुक्तानी गरेको पाईयो। सक्कल बिजक पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,५३९ |

५३.३ **कर कट्टीः आ**यकर ऐन २०५८ को दफा ८८ मा सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । अधिवक्ता माधव राज वास्तोलालाई कानुनी परामर्शको भुक्तानी दिंदा ऐनमा तोके बमोजिम १५ प्रतिशत कट्टी नगरी १ प्रतिशतमात्र कट्टी गरेकोले नपुग कर रकम कट्टि गर्नुपर्ने रु.

| भौचर नं. | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | कर कट्टी १% | थप कट्टी गर्नुपर्ने |
|---|---|---|---|---|---|
| ७९ न. पा. चालु | परामर्श सेवा शुल्क | अधिवक्ता माधवराज बास्तोला | ४०००० | ४०० | ५६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६०० |

५३.४ **अनुपातिक कट्टी नगरेकोः** रामराज्य आ. वि. तार घेरावार कार्य उपभोक्ता समिति मार्फत सम्पन्न भएकोमा प्राविधिकले पेश गरेको जम्मा कार्यसम्पन्न रु.१२६११७।– भएकोमा सम्झौता उपभोक्ता समितिको अंश १० प्रतिशतले हुन आउने साझेदारी रु.१२६११ कट्टी गरी जम्मा रु.११३५०५ भुक्तानी हुनु पर्नेमा अनुपातिक कट्टी नगरी रु.१२६११७ भुक्तानी भएकोले बढी भुक्तानी रु.१२६११।– सम्बन्धित बाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,६११ |

५३.५ **बढी भुक्तानी :** भौ.नं.३५४ बाट क्षयरोग मुक्त अभियान कार्यक्रमका लागि मिलन अर्यालालाई रु.९६०००० भुक्तानी भएकोमा वडा नं.५ मा कार्यक्रम संचालन गरी सहभागि भत्ता रु.१००० का दरले भुक्तानी गरेकोमा ७ जनाको उपस्थिती बेगरको भुक्तानी भएको देखिएकोले उपस्थिती बेगरको भुक्तानी रु.७००० असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,००० |

५४ **सफ्टवेयर खरिदः**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.६४०३४१।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ :

| **भौ.नं. /मिति** | **विवरण** | **भुक्तानी पाउनेको नाम** | **रकम** |
|---|---|---|---|
| ६०/२०८०।०८।०८ | दर्ता सिफारिश सफ्टवेयर निर्माण | क्योड फ्युजन टेक्नोलोजी प्रा.ली. | ४९७७६५ |
| ५२७/२०८१।०३।२४ | डिजिटल प्रोफाइन निर्माण | अल्फा बिटा इन्जिनियरिङ् प्रा.लि | १४२६०६ |
| **जम्मा** | | | **६४०३७१** |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गल्याङ नगरपालिका, स्यांजा , गल्याङ नगरपालिका , स्याङजा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Damodar Sharma | २०७८-१-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | tejan gaihre | २०७९-५-९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,६८५,६७१.३३ | १,२५२,२८७ | ८,९०६,६१४ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ११,८४४,५७२.३३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २३,८८९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ११,८२०,६८३.३३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ९९३५५४९७.०८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४९८७८८९०८ | चालु खर्च | ४७०३५८९५०.१९ |
| प्रदेश सरकारबाट अनुदान | १९९५८४०० | पूँजीगत खर्च | २६६८७०१४८.४५ |
| राजश्व बाँडफाँट | १६५८७०४९२.०५ | वित्तीय/अन्य व्यवस्था | १७८३०६१५४ |
| आन्तरिक आय | १४१२४३७९.१९ | | |
| अन्य आय | १८१०६८३४५.९८ | | |
| कुल आय | ८७९८१०५२५.२२ | कुल खर्च | ९१५५३५२५२.६४ |
| बाँकी मौज्दात | | ६३६३०७६९.६६ | |

## बेरूजु दफा १६ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| सि.नं. | नाम / पद | अनुगमन संख्या | दर (भ्रमण भत्ताको २५%) | जम्मा रकम |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत दामोदर शर्मा | २०० | ४०० | ८०००० |
| ३ | लेखा प्रमुख तेजन गैह्रे | १९५ | ४०० | ७८००० |
| ५ | लिलाधर चापागाई | २३० | ३०० | ६९००० |
| ६ | कृष्ण पौडेल | १५० | ३०० | ४५००० |
| ७ | हिमेन्द्र भन्डारी | १५० | ३०० | ४५००० |
| ८ | भिम प्रसाद भण्डारी | १५० | ३०० | ४५००० |
| ९ | कृष्ण अर्याल | १५० | ३०० | ४५००० |
| १० | गोमा वस्नेत | ६० | ३०० | १८००० |
| ११ | बुद्दिबल सुनार | ५० | ३०० | १५००० |
| १२ | बिष्णु गैह्रे | ५० | ३०० | १५००० |
| १३ | दिनेश सिंह धामि | ३० | ३०० | ९००० |
| १४ | अमित गुप्ता | ४० | ३०० | १२,००० |
| १५ | शिशिर श्रेष्ठ | ६० | ३०० | १८००० |
| १६ | बिष्णु भण्डारी | ४० | ३०० | १२००० |
| १७ | अमर शाही | ३० | ३०० | ९००० |
| १८ | गंगाधर कँडेल | ३० | ३०० | ९००० |
| १९ | दिपक खनाल | ३० | ३०० | ९००० |
| २० | प्रविन न्यौपाने | ३० | ३०० | ९००० |
| २१ | सुरेन्द्र डुम्रे | ३० | ३०० | ९००० |
| २२ | ऋषि बस्याल | ५० | ३०० | १५००० |
| २३ | गणेश सोमै मगर | ६० | २५० | १५००० |
| २४ | बिजय न्यौपाने | ६० | २५० | १५००० |
| २५ | आई बहादुर बराल | ६० | २५० | १५००० |
| **जम्मा** | | | | **६,११,०००।-** |

| सि.नं. | नामथर | टोल | पुरानोबाँकी महिना | पुरानोबाँकी पानीको रकम रु. |
|---|---|---|---|---|
| १ | नानु माया सुनार | वि.पि.सि.लाइन | ५ | ७७० |
| २ | झवनाथअर्याल | धैरेनीलाइन | ९ | ९१० |
| ३ | तोलराजअर्याल | वि.पि.सि.लाइन | ४ | १४९५ |
| ४ | घनश्याम ढकाल | वि.पि.सि.लाइन | ४५ | २५५५ |
| ५ | कुलानन्दअर्याल | धैरेनीलाइन | ९ | ९१५ |
| ६ | लाल बहादुरपरियार | वि.पि.सि.लाइन | ११ | २४३० |
| ७ | नरबा.सुनार | वि.पि.सि.लाइन | ४ | ३५८५ |
| ८ | राजेन्द्रश्रेष्ठ | वि.पि.सि.लाइन | ९ | १२२५ |
| ९ | विनोद रोका | वि.पि.सि.लाइन | १० | ९२५ |
| १० | गल्याङ बचत | वि.पि.सि.लाइन | १२ | ८७० |
| ११ | कृष्णाप्रसाद वस्याल | वि.पि.सि.लाइन | ८ | ७०० |
| १२ | शोभाखरबस्याल | वि.पि.सि.लाइन | ६ | ११०५ |
| १३ | तेजमानश्रेष्ठ | मन्दिरलाइन | ७ | १३८५ |
| १४ | युक्त खनाल | मन्दिरलाइन | २२ | ११०० |
| १५ | किसान श्रेष्ठ | मन्दिर लाईन | ६० | १५३१५ |
| १६ | लुकबा.थापा | मन्दिरलाइन | ५ | १०८५ |
| १७ | संजयश्रेष्ठ | मन्दिरलाइन | ८ | ९५५ |
| १८ | श्रीप्रसाद श्रेष्ठ | चिराग लाइन | १३ | ६५० |
| १९ | गल्याङनेवा समाज | चिराग लाइन | ७ | ३५० |
| २० | मन बहादुरवि.क. | चिराग लाइन | ४ | ६०० |
| २१ | नेपाल मगरसघ | चिराग लाइन | १२ | २४१५ |
| २२ | खड्क ब. किसान | चिराग लाइन | ५० | ५०७० |
| २३ | दुर्गाकुमारी श्रेष्ठ | चिराग लाइन | १० | ७१९० |
| २४ | राजुरायमाझी | चिराग लाइन | २९ | ४८२० |
| २५ | तेजमानश्रेष्ठ | चिराग लाइन | ७ | ५६८० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २६ | दिपकश्रेष्ठ | रोड लाइन | ६ | ३०० |
| २७ | विष्णुसुवेदी | रोड लाइन | १० | ३४२५ |
| २८ | दानबा.थापा | डाँडा लाइन | ७ | ७६० |
| २९ | रेशम थापा | डाँडा लाइन | ८४ | १५७१० |
| ३० | कृष्णाब.सिंजाली | रोड लाइन | ७१ | १७२१० |
| ३१ | खिमान्नदपाठक | रोड लाइन | ८ | ७७५ |
| ३२ | अम्बिकाप्र.न्यौपाने | रोड लाइन | १० | ८०५ |
| ३३ | केसरी राना | रोड लाइन | ७२ | ९३३० |
| ३४ | थानबा.राना | रोड लाइन | २४ | २२६० |
| ३५ | प्रेम राजश्रेष्ठ | रोड लाइन | १९ | ५९४० |
| ३६ | मनोज राना | रोड लाइन | ६ | ४६१५ |
| ३७ | कृष्णकु.कुवंर | तल्लो रोडलाइन | ५ | ४४३० |
| ३८ | लाल बहादरसुनार | तल्लो रोडलाइन | १० | ३६७५ |
| ३९ | महेन्द्रश्रेष्ठ | ठाडो लाइन | ८ | २७०० |
| ४० | रहिमदिनमिया | ठाडो लाइन | ७ | १५०० |
| ४१ | ध्रुवश्रेष्ठ | ठाडो लाइन | ५६ | २३००५ |
| ४२ | हमिंदामिंया | ठाडो लाइन | ८ | ८१७५ |
| ४३ | अफाक मिंया | ठाडो लाइन | ५२ | २४४०० |
| ४४ | विराट थैव | ठाडो लाइन | १९ | २२१५ |
| ४५ | रेनुकाचापागाई | ठाडो लाइन | १० | २१२५ |
| ४६ | मुक्तिसुवेदी | ठाडो लाइन | २५ | २८४९५ |
| ४७ | राजकुमारश्रेष्ठ | ठाडो लाइन | ६ | ३१५ |
| ४८ | श्यामप्रसाद बस्याल | ठाडो लाइन | १० | १८५० |
| ४९ | तेज प्रसादडुम्रे | ठाडो लाइन | ६४ | ११३८५ |
| ५० | चिन्तामणिबस्याल | ठाडो लाइन | ४६ | ३०१४० |
| ५१ | तुलसिकुमारी पराजुली | क्याम्पसरोड | ७ | १४१० |
| ५२ | बहुमुखिक्याम्पस | क्याम्पसरोड | ७० | ६०७५ |

| | | | | |
|---|---|---|---|---|
| ५३ | भानुउ.मा.नि | शान्ति रोड | ५४ | १५११५ |
| ५४ | केशवराजढकाल | शान्ति रोड | ८६ | ८८९० |
| ५५ | विष्णुमायाचापागाई | शान्ति रोड | ६ | १००५ |
| ५६ | मनकलाअधिकारी | शान्ति रोड | ६ | ६९५ |
| ५७ | च्यामलालढकाल | अमिला खरक | १० | ५०० |
| ५८ | रामु ढकाल | अमिला खरक | १० | ५०० |
| ५९ | धनापोख्रेल सापकोटा | अमिला खरक | ७ | ३५० |
| ६० | धनि पल्ली | अमिला खरक | ७ | ७८५ |
| ६१ | प्रहरीचौकी | डाँडा टोल | ६० | ९४९० |
| ६२ | प्रभाखरसुनार | भानु टोल | ५ | ६७० |
| ६३ | बिन्दुरामपरियार | बगैँचा टोल | २२ | २२६० |
| ६४ | डण्डापानीपराजुली | चौकी टोल | ७ | १०३५ |
| ६५ | बाबुरामढकाल | चौकी टोल | १८ | १६०० |
| ६६ | युगराजभट्टराई | चौकी टोल | ७ | १७५० |
| ६७ | इश्वरीबा.सोमै | चौकी टोल | १० | १३०५ |
| ६८ | प्रहरीचौकी | चौकी टोल | ९६ | २७८४० |
| ६९ | झविन्द्रकुंवर | चौकी टोल | ५ | ७२५ |
| ७० | आनन्द खडका | चौकी टोल | ६ | ३०० |
| ७१ | गुनाखरबस्याल | चौकी टोल | ९ | १११० |
| ७२ | पशुपतिन्यौपाने | चिन्नेपानीटोल | २३ | १७९० |
| ७३ | युवराजन्यौपाने | चिन्नेपानीटोल | १८ | ३८८५ |
| ७४ | युक्तभट्टराई | चिन्नेपानीटोल | ३६ | ६५५० |
| ७५ | डिल्लीराजभट्टराई | चिन्नेपानीटोल | ५४ | ४७१० |
| ७६ | रामबा.सिंजाली | चिन्नेपानीटोल | १० | १७१५ |
| ७७ | योशदाकुवार थापा | चिन्नेपानीटोल | ५ | १७८५ |
| ७८ | मिनबा.गुरुङ्ग | चिन्नेपानीटोल | ५२ | २०१०५ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७९ | साना किसानदुध संकलन | चिन्नेपानीटोल | ६ | १२७० |
| ८० | देवराजश्रेष्ठ | सहकारी टोल | ८ | २३१० |
| ८१ | तेजमानश्रेष्ठ | हुलाक टोल | १० | ३६६५ |
| ८२ | अनिलपरियार | हुलाक टोल | ६२ | १२३७५ |
| ८३ | महेन्द्रश्रेष्ठ | हुलाक टोल | ८६ | ७८१८५ |
| ८४ | अमर सारु | भु पुस्कुल टोल | १३ | २२४० |
| ८५ | सावित्रासारु | भु पुस्कुल टोल | ७ | ७७५ |
| ८६ | बुद्धिसरावि.क. | भु पुस्कुल टोल | ७ | १८९० |
| ८७ | टुक मायागुरुङ्ग | भु पुस्कुल टोल | ४ | ११८५ |
| ८८ | रन बा.सोति | भु पुस्कुल टोल | ९ | १५७५ |
| ८९ | शुकमायाकामि | गिरिडदिखोला | ५ | ७३० |
| ९० | नारायणगैरे | गिरिडदिखोला | ४० | २२८१५ |
| ९१ | वि पिस्मृति भवन | बल्पुक | ४० | ६७७५ |
| भ | प्रेमराजश्रेष्ठ | बोवाङ्ग | १९ | ७७९० |
| | जम्मा | | | **५३७१७०** |

# सुझाव

पालिका द्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकाका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट् गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।